# तानसेनका महत्वपूर्ण जात्रा तथा पर्वः अमूर्त सांस्कृतिक पक्षको अध्ययन

अरूणकुमार काफ्ले *

Received: April 25, 2022 Accepted: May 18, 2022 Published: December 24, 2022


**लेखसार**

यो लेखमा पाल्पा जिल्ला स्थित तानसेन नगरपालिकाभित्र मनाइने जात्रा तथा पर्व र तिनीहरूमा पाइने अमूर्त सांस्कृतिक पक्षको पहिचान, सङ्कलन, वर्गीकरण तथा विश्लेषण गरिएको छ । पाल्पा जिल्लाको तानसेन बजार मूलतः मध्यकालीन सहर हो । तानसेनमा विशेषतः मध्यकालदेखि नै नेवार, ब्राह्मण, क्षेत्री, मगर, गुरूङ, थकाली जस्ता समुदायका मानिसहरू बसोवास गर्दैआएका छन् । यद्दपि नेवार तथा मगर यहाँ बसोवास गर्ने प्रमुख समुदाय हुन् । धार्मिक दृष्टिकोणले तानसेन सहरमा विशेषतः हिन्दू तथा वौद्ध धर्मसँग सम्बन्धित समुदायको बसोवास छ । तानसेन सहरको संस्कृति र सांस्कृतिक सम्पदा भन्नासाथ मूलतः उक्त समुदायका साथै हिन्दू तथा वौद्ध धर्मसँग सम्बन्धित भौतिक संरचना एवम् अभौतिक परम्पराहरू बुझ्ने गरिन्छ । मूर्त तथा अमूर्त सम्पदाको अभाव तानसेन नगरमा देखिदैन । यहाँ मूर्त तथा अमूर्त दुबै स्वरूपका सम्पदा पाइन्छन् । त्यसलाई तानसेन नगरको शक्ति र सार्मथ्य मान्नु एवम् ठान्नु पर्दछ । यो लेख मूलतः अमूर्त संस्कृति र सांस्कृतिक सम्पदाको पहिचान, सङ्कलन, वर्गीकरण तथा विश्लेषणमा केन्द्रित छ । अतः हिन्दू तथा वौद्ध धर्म र उक्त समुदायसँग सम्बन्धित जातीय कुल परम्पराअनुसार संस्कारगत कर्म, चाडपर्व, व्रतउपासना, धार्मिक अनुष्ठानका साथै युनेस्कोले वर्गीकरण गरेका पाँचवटा विद्यामध्ये सामाजिक व्यवहार, अनुष्ठान तथा चाडपर्व उत्सवसँग सम्बन्धित विशेषतः तानसेनका जात्रा तथा पर्वहरूको अध्ययन गरिएको हो । यस क्रममा अमरनारायण रथयात्रा, भगवती जात्रा, गाईजात्रा, वटुक भैरव जात्रा, गणेश जात्रा, भीमसेन जात्रा, कालभैरव जात्रा श्रीपञ्चमी, शीतलादेवी खटयात्रा, भगवान् बुद्ध रथयात्रा जस्ता पर्वहरूको पहिचान, सङ्कलन, वर्गीकरण तथा विश्लेषण यस लेखमा भएको छ ।


*शब्दकुञ्जीः* तानसेन, अमूर्त तथा अमूर्त सांस्कृतिक सम्पदा, अमरनारायण रथयात्रा, भगवती जात्रा, गाईजात्रा, वटुक भैरव जात्रा, गणेश जात्रा, भीमसेन जात्रा, कालभैरव जात्रा श्रीपञ्चमी, शीतलादेवी खटयात्रा, भगवान् बुद्ध रथयात्रा ।

## पृष्ठभूमि

नेपाल लिच्छविकालमा ठूलो भूभागमा फैलिएको स्वतन्त्र राष्ट्र थियो । त्यसबखतका अभिलेखहरूले यो सन्दर्भलाई पुष्टि गरिदिएका छन् । पछि मध्यकालमा कर्णाली प्रदेशमा खस साम्राज्य स्थापना भयो । खस साम्राज्य पूर्वमा गण्डकी प्रदेशसम्म फैलिएको र पाल्पा यसै क्षेत्रमा पर्ने हुँदा मध्यकालमा पाल्पा भेग खस साम्राज्यअन्तर्गत नै पर्दथ्यो । खस राज्यको विघटन पछि गण्डकी प्रदेशमा चौबीसी राज्य र कर्णाली प्रदेशमा बाईसी राज्यहरू स्थापना भए । लमजुङ, तनहुँ, गलकोट, भलीवम, सतहुँ, गरहुँ, पोखरा, भीरकोट, रिसिङ घिरिङ, ढोर, पाल्पा, बुटवल, तानसेन, गुल्मी, पश्चिम नुवाकोट, खाँची,

* सह प्राध्यापक, संस्कृति विभाग, पद्मकन्या बहुमुखी क्याम्पस | Email: arunkafle811@gmail.com

इस्मा, धुर्कोट, मुसिकोट, पिल्ली, सलिना, विगा पैसा, कास्की, दाङ आदि यी राज्यहरु चौबीसे राज्यअन्तर्गत पर्दछन् (Oldfield , 1974, P. 37) ।

पाल्पा यिनै राज्यहरुमध्येको एउटा थियो । यो पश्चिम नेपालको प्रसिद्ध स्थल हो । मध्यकालमा पाल्पा चौबीसे राज्यअन्तर्गत सबैभन्दा पुरानो र बलियो राज्य थियो (खतिवडा, २०७४, पृ. ६८३-६८४) । रिब्दीकोटको सामन्त शासक रूद्रसेनले वि.स. १५५० मा पाल्पा राज्यको स्थापना गरेका थिए (घिमिरे, २०५६, पृ. २९) । रूद्रसेनलाई कसैले चितौडगढका सेनवंशी राजा मानेका छन् । राज्य स्थापना भने वि.स. १५७० मा गरेको हुन सक्ने उल्लेख गरेको पाइन्छ (रेग्मी, २०३४, पृ. ८६) । प्रभास भन्ने ठाउँका एउटा शिवालयकोबाट वि.स. १५४९को अभिलेख पाइएको छ । त्यो ऐतिहासिक सामग्रीमा रूद्रसेन राजाको बारेमा उल्लेख छ (बानियाँ, २०६३, पृ. १४-१५) । यो शिलालेख नै रूद्रसेनले पाल्पा राज्य स्थापना गरेका थिए भन्ने विषयलाई पुष्टि गर्ने आधार हो ।

पाल्पा एकीकरण अभियानमा समेटिनुभन्दा अघिसम्म सेनवंशका शासकहरूले शासन सञ्चालन गरे । कालान्तरमा मुकन्द सेनको समयमा पाल्पा राज्य विस्तार भयो । पछि उनका सन्तानहरूले यसलाई मकवानपुर, तनहुँ र बुटवल गरी ३ वटा राज्यमा विभाजन गरे । रिसिङ, घिरिङ र जाजरकोट पनि पाल्पाबाट अलग भएका स्थान थिए । वास्तवमा मुकुन्दसेन राजा हुनासाथ मगर र खस लगायतका भारदारहरूलाई मिलाएर बलियो राज्य बनाएका थिए । त्यसबेला पाल्पा राज्यको सीमाना उत्तरमा मुक्तिनाथ, दक्षिणमा गङ्गानदी, पूर्वमा जलपाईगुडी र पश्चिममा कुमाउसम्म फैलिएको थियो (खतिवडा, २०७४, पृ. ६८३-६८४) ।

वि.सं. १८६१ तिर पाल्पा राज्य नेपाल एकीकरणको अभियानमा समाहित भयो । यसपछि भने यसको स्वतन्त्र राज्यको हैसियत समाप्त भएको हो । पाल्पा गौडा पछिल्लो समयसम्म पनि प्रशासनिक अखडा थियो । राणाकालमा समेत यसै गौडाबाट यस क्षेत्रको प्रशासन सञ्चालन गरिन्थ्यो । वर्तमान समयमा पाल्पा एउटा जिल्लाका रूपमा रूपान्तरण भएको छ । यो प्रशासनको जिल्ला स्तरको एकाई हो । राज्य पुर्नःसंरचना पछि यो ५ नं. क्षेत्र लुम्बिनी प्रदेशअन्तर्गत पर्दछ । हाल पाल्पा जिल्लाभित्र तानसेन नगरपालिका र रामपुर पाल्पा नगरपालिका गरी दुईवटा नगरपालिका र रैनादेवी छहरा, रूब्दीकोट, बागनस्काली, रम्भा, पूर्वखोला र निस्दी गाउँपालिका गरी छवटा गाउँपालिका रहेका छन् । उक्त स्थानीय तहमध्ये तानसेन नगरपालिका यहाँको महत्वपूर्ण मध्यकालीन सहर हो । जिल्ला सदरमुकाम रहेको कारण पनि यो तानसेन नगरको महत्व उल्लेख्य छ ।

तानसेन नामको सम्बन्ध मगर भाषासँग छ । मगर भाषामा सल्लाको एक प्रजातिलाई टानसिङ भन्दछन् । यस क्षेत्रमा प्रशस्त मात्रामा टानसिङ नाम गरेको एक प्रकारको सल्लाको प्रजाति पाइने भएकाले यस ठाउँको नाम टानसिङ रयो । पछि अपभ्रंश हुदै जाने क्रममा तानसिङ र तानसेन भएको हो (श्रेष्ठ, २०७७), पृ.३०) । पाल्पाका सेन राजाहरूले जारी गरेका कतिपय स्यामोहरहरूमा तानसिंघ भन्ने उल्लेख पाइन्छ । यो सन्दर्भले तानसेनको एतिहासिक महत्व उजागर पारेको छ ।

तानसेन नगर मध्यकालीन सहरका रूपमा मात्र होइन विशेषतः नेवार तथा मगर समुदायको जातीय संस्कृतिका दृष्टिले पनि महत्वपूर्ण मानिन्छ । यहाँ उक्त समुदायले आफ्नो जातीय कुल परम्पराअनुसार संस्कारगत कर्म, चाडपर्व, व्रतउपासना, कुल पूजा, मण्डलीपूजा, बाजेबराजु पूजा, चण्डीपूर्णिमा, रोका सङ्क्रान्ति, पन्ध्र पौष, माघे सङ्क्रान्ति, यौनाट पूर्णिमा जस्ता पर्व तथा पूजाउपासना र धार्मिक

अनुष्ठान सम्पादन गर्ने गर्दछन् । ती मौलिक विधिविधान तथा अभ्यास प्रणाली उक्त समुदायका अमूर्त संस्कृतिअन्तर्गत पर्ने उल्लेख्य सम्पदा हुन् । यसका साथै अमरनारायण रथयात्रा, भगवती जात्रा, गाईजात्रा, वटुक भैरव जात्रा, गणेश जात्रा, भीमसेन जात्रा, कालभैरव जात्रा श्रीपञ्चमी, शीतलादेवी खटयात्रा, भगवान् बुद्ध रथयात्रा जस्ता जात्रा तथा पर्व पनि यस नगरमा मनाइन्छन् । उक्त समग्र पक्ष तानसेन नगरका महत्वपूर्ण अमूर्त संस्कृति र सांस्कृतिक सम्पदा हुन् ।

अमूर्त संस्कृतिले भरिएको तानसेन नगर र त्यहाँ पाइने अमूर्त सांस्कृतिक सम्पदाहरूको आजसम्म पनि ठीक ढङ्गले सर्वेक्षण, पहिचान, सङ्कलन, वर्गीकरण, सूचीकरण र विश्लेषण गर्न सकिएको छैन । यस क्षेत्र र विषयलाई सम्वोधन गर्ने प्रर्याप्त शोधखोज हिजोआजसम्म पनि हुन नसकेको अवस्था छ । यद्दपि केही अनुसन्धान नभएका भने होइनन् तर ती अध्ययन विशेषतः जातीय सस्कृति र मूर्त सांस्कृतिक सम्पदाहरूमा केन्द्रित छन् । उक्त कार्यले अमूर्त सांस्कृतिक सम्पदाहरूको सर्वेक्षण, पहिचान, सङ्कलन, वर्गीकरण, सूचीकरण र विश्लेषण गर्ने जस्ता विषयमा खासै प्रभाव पारेको देखिदैन । अनुसन्धान क्षेत्रको उक्त अन्तराल अध्ययनको समस्या हो । यो अभाव परिपूर्ति गर्ने प्रमुख उद्देश्यका साथ यो लेख तयार पारिएको हो ।

## अध्ययनका समस्या

तानसेन नगरमा अमूर्त संस्कृति र सांस्कृतिक सम्पदाहरु प्रचूर मात्रामा पाइन्छन् । त्यसमा पनि यो नगर चाडवाड तथा जात्रा पर्वको नगर मानिन्छ । यहाँ अमरनारायण रथयात्रा, भगवती जात्रा, गाईजात्रा, वटुक भैरव जात्रा, गणेश जात्रा, भीमसेन जात्रा, कालभैरव जात्रा श्रीपञ्चमी, शीतलादेवी खटयात्रा, भगवान् बुद्ध रथयात्रा जस्ता जात्रा तथा पर्व मनाइन्छन् । वार्षिक रूपमा मनाइने उक्त जात्रा तथा पर्व युनेस्कोले गरेको अमूर्त सांस्कृतिक सम्पदाको वर्गीकरणभित्र सामाजिक व्यवहार, अनुष्ठान तथा चाडपर्व उत्सवअन्तर्गत पर्ने अमूर्त सम्पदा हुन् । आजसम्म पनि उक्त सांस्कृतिक सम्पदाहरूको वैज्ञानिक एवम् व्यवस्थित रूपमा सर्वेक्षण, पहिचान, सङ्कलन, वर्गीकरण, सूचीकरण र विश्लेषण हुन सकेको छैन । प्रर्याप्त शोधखोज हिजोआजसम्म पनि भएका छैनन् । अनुसन्धान क्षेत्रको उक्त अन्तराल अध्ययनको समस्या हो ।

## अध्ययनका उद्देश्य

यो अनुसन्धानमा पाल्पा राज्यको उत्पत्ति, इतिहास, विस्तार, विकास र पतन, तानसेन सहरको नामकरण र भौगोलिक अवस्थिति, मूर्त तथा अमूर्त संस्कृतिसम्बन्धी धारणा, मूर्त तथा अमूर्त सांस्कृतिक सम्पदाको युनेस्कोले गरेको वर्गीकरण जस्ता पक्षको पनि समीक्षा भएको छ । उक्त पक्ष यस अध्ययनका सामान्य उद्देश्य परिपूर्तिसँग जोडिएका सन्दर्भ हुन् । यस वाहेको अध्ययनको विशिष्ट उद्देश्य परिपूर्तिका निमित्त यो लेखले अमरनारायण रथयात्रा, भगवती जात्रा, गाईजात्रा, वटुक भैरव जात्रा, गणेश जात्रा, भीमसेन जात्रा, कालभैरव जात्रा श्रीपञ्चमी, शीतलादेवी खटयात्रा, भगवान् बुद्ध रथयात्रा जस्ता पर्वको सर्वेक्षण, पहिचान, सङ्कलन, वर्गीकरण, सूचीकरण र विश्लेषण गर्दै ती जात्रासँग सम्बन्धित विविध अमूर्त सांस्कृतिक पक्षको विवेचना गरेको छ ।

## अध्ययन विधि

यो लेख विश्लेषणात्मक र विवरणात्मक अनुसन्धानको ढाँचामा आधारित छ । यसमा गुणात्मक सूचना एवम् तथ्याङ्क प्रयोग गरिएका छन् । त्यसो हुँदा यो गुणात्मक लेख हो । यस अध्ययनमा प्राथमिक

तथा द्वितीयक दुवै प्रकृतिका तथ्याङ्कहरु सङ्कलन तथा विश्लेषण गरिएका छन् । प्राथमिक तथ्याङ्क अवलोकन, अन्तर्वार्ता, छलफल जस्ता विधि प्रयोग गरी सङ्कलन गरिएका हुन् । द्वितीयक तथ्याङ्क भने विभिन्न ग्रन्थ, प्रतिवेदन र लेख रचनाको समीक्षाबाट सङ्कलन गरिएको हो ।

## नतिजा तथा छलफल

यो लेख प्राथमिक तथा द्वितीयक तथ्याङ्कमा आधारित छ । यस अध्ययनका निमित्त आवश्यक प्राथमिक तथ्याङ्क स्थलगत सर्वेक्षणबाट अवलोकन, अन्तर्वार्ता, छलफल जस्ता विधिद्वारा सङ्कलन भएका छन् । यसका साथै द्वितीयक प्रकृतिका सूचना भने पूर्वकार्य समीक्षाद्वारा सङ्कलन गरिएको हो । अतः यो लेखमा प्राप्त तथ्याङ्क एवम् सूचनाको छलफलका आधारमा अध्ययनको नतिजाका रूपमा मूर्त तथा अमूर्त संस्कृतिसम्बन्धी अवधारणा, तानसेनका चाडपर्व तथा जात्रा विशेषतः अमरनारायण रथयात्रा, भगवती जात्रा, गाईजात्रा, वटुक भैरव जात्रा, गणेश जात्रा, भीमसेन जात्रा, कालभैरव जात्रा श्रीपञ्चमी, शीतलादेवी खटयात्रा, भगवान् बुद्ध रथयात्रा जस्ता सामाजिक व्यवहार, अनुष्ठान तथा चाडपर्व उत्सवसँग सम्बन्धित अमूर्त सांस्कृतिक सम्पदासँग जोडिएका विविध पक्षको विश्लेषणसहित निष्कर्ष प्रस्तुत छ ।

## मूर्त तथा अमूर्त संस्कृतिसम्बन्धी धारणा

भौतिक संस्कृतिको अर्को नाम मूर्त संस्कृति हो । मूर्त संस्कृति भौतिक पक्षसँग सम्बन्धित हुन्छ । मूर्त संस्कृति मानिसको सिर्जना शक्तिको भौतिक अभिव्यक्ति हो । यस किसिमका सांस्कृतिक निधिहरूको आकार प्रकार हुन्छ । त्यस्ता वस्तु देख्न, छुन र प्रयोग गर्न सकिन्छन् । परापूर्वकालदेखि प्रचलनमा रहँदै र मान्दै आएका एवम् निर्माण गरिएका त्यस्ता वस्तुहरूलाई भौतिक संस्कृति भनिन्छ (खत्री, २०७०, पृ.७) । युनेस्कोले सांस्कृतिक सम्पदाको वर्गीकरण गर्ने क्रममा मानव बसोवासको ढाँचा, स्मारक तथा कलावस्तु गरी मूर्त सांस्कृतिक सम्पदालाई तीनवटा विधामा विभाजन गरेको छ । उक्त सिद्धान्तका आधारमा अमरनारायण मन्दिर, बालगोपाल मन्दिर, भगवती मन्दिर, वटुक भैरवको मन्दिर, टुँडिखेलको पश्चिम कुनामा ढुङ्गाको चैत्य, आनन्द बिहार चैत्य, टक्सारटोलको महाचैत्य, पाल्पा दरबार जस्ता सम्पदा तानसेन सहरमा पाइने मूर्त सांस्कृतिक सम्पदाअन्तर्गत पर्दछन् ।

युनेस्कोले अभौतिक संस्कृतिलाई अमूर्त संस्कृति भनेको छ । युनेस्कोले अमूर्त सांस्कृतिक सम्पदाको वर्गीकरण गर्ने क्रममा मौखिक परम्परा एवम् अभिव्यक्ति; अभिनय तथा प्रदर्शनकारी कला; सामाजिक व्यवहार, अनुष्ठान तथा चाडपर्व उत्सव; प्रकृति र ब्रम्हाण्डसँग सम्बन्धित ज्ञान तथा व्यवहार; र परम्परागत कलाकौशल र शिल्प प्रविधि गरी पाँच वटा विधामा विभाजन गरेको छ (UNESCO, 2003, p. 8) । उक्त सिद्धान्तका आधारमा यस अध्ययनमा स्थानीय जातीय संस्कृति, अमर नारायणको रथयात्रा, भगवती जात्रा, गाईजात्रा, वटुक भैरव जात्रा, गणेश जात्रा, भीमसेन जात्रा, कालभैरव जात्रा श्रीपञ्चमी, शीतलादेवी खटयात्रा, भगवान् बुद्ध रथयात्रा जस्ता तानसेन सहरमा पाइने अमूर्त सांस्कृतिक सम्पदाको सङ्कलन, पहिचान, वर्गीकरण, विश्लेषण र सूचीकृत गर्ने कार्य गरिएको हो ।

## अमूर्त सांस्कृतिक सम्पदाका रूपमा तानसेनका चाडपर्व तथा जात्रा

पाल्पाको तानसेनमा हिजोआज नेवार, ब्राह्मण, क्षेत्री, मगर, गुरूङ, थकाली जस्ता समुदायका मानिसहरु बसोवास गर्दछन् । विशेषतः नेवार यहाँ बसोवास गर्ने प्रमुख समुदाय हो । यस नगरमा

पूर्वमध्यकाल र उत्तरमध्यकालदेखि नेवार समुदायका मानिसहरूले बसोवास विस्तार गरेका हुन् । नेपालमा काठमाडौँ उपत्यका नेवार समुदायको उद्‌गम स्थल हो । मूलतः व्यापारका सिलसिलामा त्यहीबाट नेवारहरू पाल्पाको तानसेनलगाउत अन्यत्र बवाईँ सरेका हुन् । यहाँ नेवार समुदायको अमात्य, बज्राचार्य, जोशी, कर्माचार्य, मानन्धर, नापित, राजोपाध्याय, उदास, तुलाधर, सुवाल, उलक, श्रेष्ठ, ताम्राकार, प्रधान, महर्जन जस्ता थरको बसोवास पाइन्छ । उक्त समुदायले आफ्नो जातीय कुल परम्पराअनुसार संस्कारगत कर्म, चाडपर्व, व्रतउपासना र धार्मिक अनुष्ठान सम्पादन गर्ने गर्दछन् । उक्त मौलिक विधिविधान तथा अभ्यास प्रणाली नेवार समुदायको अमूर्त संस्कृतिअन्तर्गत पर्ने महत्वपूर्ण सम्पदा हुन् ।

पाल्पाको तानसेन बजारमा मगर समुदायको पनि बसोवास तथा उनीहरूका मौलिक सांस्कृतिक सम्पदाहरू पाइन्छन् । यस नगरमा परापूर्व कालदेखि नै मगर समुदायका मानिसहरूले बसोवास विस्तार गरे । उक्त समुदायले आफ्नो जातीय कुललायन परम्पराअनुसार संस्कारगत कर्म, चाडपर्व, व्रतउपासना र धार्मिक अनुष्ठान सम्पादन गर्ने गर्दछन् । विशेषतः कुल पूजा, मण्डलीपूजा, बाजेबराजु पूजा, चण्डीपूर्णिमा, रोका सङ्क्रान्ति, पन्ध्र पौष, माघे सङ्क्रान्ति, यौनाट पूर्णिमा जस्ता पर्व तथा पूजाउपासना यो समुदायमा प्रचलनमा छन् । ती मौलिक विधिविधान तथा अभ्यास प्रणाली मगर समुदायको अमूर्त संस्कृतिअन्तर्गत पर्ने महत्वपूर्ण सम्पदा हुन् ।

जातीय संस्कृति तथा परम्परासँग जोडिएका माथि उल्लिखित अमूर्त संस्कृति वाहेक तानसेन नगरपालिका क्षेत्रमा अमूर्त सांस्कृतिक सम्पदासँग सम्बन्धित धेरै अभ्यास प्रणाली तथा परम्पराहरू अस्तित्वमा देखिन्छन् । उक्त सम्पदा युनेस्कोले वर्गीकरण गरेको पाँचवटा विद्याअन्तर्गत नै पर्दछन् । यस लेखमा विशेषतः सामाजिक व्यवहार, अनुष्ठान तथा चाडपर्व उत्सवअन्तर्गत पर्ने चाडवाड र जात्रा पर्वहरूको मात्र विवेचना गरिएको छ । यस क्रममा अमर नारायणको रथयात्रा, भगवती जात्रा, गाईजात्रा, वटुक भैरव जात्रा, गणेश जात्रा, भीमसेन जात्रा, कालभैरव जात्रा श्रीपञ्चमी, शीतलादेवी खटयात्रा, भगवान् बुद्ध रथयात्रा जस्ता जात्राहरू समेटिएका छन् ।

**अमरनारायण रथयात्रा**

अमरनारायण मन्दिर तानसेन नगरपालिका नारायण टोलमा पर्दछ । पाल्पा राज्यमा सेन वंशको पतन पछि पहिलो मुख्तियार (गर्भनर) काजी अमर सिंह थापा (प्र.म. भीमसेन थापाको बुवा) बने । मन्दिरमा रहेको अभिलेखमा वर्णन गरिएको सन्दर्भले यो मन्दिर वीरभद्र थापाका छोरा काजी अमरसिंह थापाले वि.स. १८६३ मा निर्माण गरेका हुन् भन्ने सङ्केत गर्दछ (भट्टराई, २०६७, पृ.४) । काठमाडौबाट पाल्पा आएका सुन्दर बाँडाले यो मन्दिर निर्माण गरेका हुन् (शाक्य, २०४४, पृ. ९०) ।

अमरनारायण मन्दिर सम्भवत काठमाडौ उपत्यका बाहिर निर्मित बहुछानादार शैलीका मन्दिरमध्ये सुन्दरतम नमुना हो । यो मन्दिरको गर्भगृहमा लक्ष्मी सहितको भगवान् नारायणको चर्तुभुज मुद्रामा कमलमाथि उभिएको सुनौलो धातुको मूर्ति छ । भुइँमा भगवान् विष्णुका बाहन गरूड आसनरत छन् । दायाँ बायाँ गणेश, बाल गोपाल र हनुमान्का मूर्तिहरू छन् । नारायणको मूर्ति अगाडि शालिग्रामहरूको थुप्रो राखिएको छ । तीन तले यो मन्दिरको माथिल्लो छाना पित्तलको छ । बाँकी अन्य छानाहरूमा भने झिँगटीको प्रयोग छ ।

अमर नारायणको रथयात्रा कर्णेल उजीर सिंह थापाले मन्दिर स्थापना भएको करिब १५ वर्ष पछि वि.स.१८७८ मा प्रारम्भ गराएका थिए (काफ्ले, २०७९,पृ. ४८) । प्रत्येक वर्ष कृष्ण जन्माष्टमीको भोलिपल्ट सुनौलो रथमा भगवान्को मूर्ति प्रतिस्ठापन गरी काँधमा बोकेर सहरभरि परिक्रमा गराइन्छ । यो जात्रा निकै आकर्षक अमूर्त साँस्कृतिक सम्पदा हो । यसका साथै बडा दशैं र कार्तिक पूर्णिमामा लगाइने भण्डारा, एकादशी, अक्षय तृतीया, रामनवमी, चर्तुदशीमा लाग्ने मेला यस देवस्थलसँग सम्बन्धित अन्य अमूर्त साँस्कृतिक विशेषता हुन् ।

### भगवती जात्रा

पाल्पाको अर्को उल्लेख्य सांस्कृतिक सम्पदा तानसेन बजारको मध्य खण्डमा अवस्थित भगवती मन्दिर हो । यो देवस्थल तानसेन नगरपालिका भगवती टोलमा पर्दछ । यो मन्दिरको निर्माण वि.सं. १८७१ मा पाल्पा गौडाका प्रमुख कर्नेल उजिर सिंह थापाले गरेका हुन् । भारतको गोरखपुर नेपालमाथि आक्रमण गर्न अघि वढेको अङ्ग्रेज फौजबाट बुटवल र स्युराजको सुरक्षाका निमित्त त्यसतर्फ जाने क्रममा कर्नेल उजिरसिंह थापाले तानसेन बजारमा रहेकी अष्टदश भुजायुक्त भगवतीको प्रार्थना गरेका थिए । त्यसबेला उनले अङ्ग्रेज फौजसँगको युद्धमा विजय प्राप्त गरी बुटवल र स्युराजको सुरक्षा गर्न सकेमा भगवतीको ठूलो मन्दिर बनाई सिन्दूर जात्रा गर्ने भाकल गरेका थिए । अङ्ग्रेज फौजसँग बुटवल नजिकको जितगढीमा युद्ध भयो । कर्नेल उजिर सिंह थापाले विजय प्राप्त गरे । भाकलअनुसार नै अष्टदशभुजायुक्त भगवतीको ठूलो मन्दिर बनाई सिन्दूर जात्राको चलन चलाए (बानियाँ, २०५३, पृ. २६) ।

अङ्ग्रेज फौजसँग युद्धमा विजय प्राप्त गरेपछि कर्नेल उजिर सिंह थापाल भाकलअनुसार अष्टदशभुजायुक्त भगवतीको ठूलो मन्दिर बनाई सिन्दूर जात्राको चलन चलाएका हुन् । यो जात्रा भाद्रकृष्ण अष्टमीको भोली पल्ट चलाइन्छ (पौड्याल, २०७५, पृ ९८-९९) । भाद्रकृष्ण अष्टमीको अर्धरात्रीमा प्रारम्भमा भक्तजनहरु भेलाभई भरयात भजन कीर्तन गर्दछन् । उज्यालो भएपछि भगवतीको मूर्ति रथामा विराजमान गराई राजकीय सम्मानका साथ नगर परिक्रमा गराउने चलन छ । रथयात्राका क्रममा पञ्चेवाजा, भजनमण्डली, नेपाली सेना, नेपाल प्रहरी, निजामति कर्मचारी, नगरवासी, भक्तजनलगायतका मानिसहरु सहभागी हुन्छन् ।

### गाईजात्रा

गाईजात्रा नेवार समुदायसँग सम्बन्धित उल्लेख्य पर्व मानिन्छ । गाईजात्रा देवीदेवतासँग सम्बन्धित पर्व होइन । यसको सम्बन्ध पितृसँग छ । अतः नेवार समुदायमा प्रत्येक वर्ष भाद्रकृष्णपक्ष प्रतिपदाको दिन पितृ उद्दारका निमित्त यो पर्व मनाउने गर्दछन् (श्रेष्ठ, २०७७, पृ. २२६) । पाल्पाको तानसेनमा पूर्वमध्यकाल र उत्तरमध्यकालदेखि नै नेवार समुदायका मानिसहरूको घना बसोवास रहेकाले गाईजात्रा पर्व मनाउने परम्परा विकास भयो । यो स्वभाविक र सान्दर्भिक छ । सोहीअनुसार यो पर्व मनाउदै आएका हुन् । यो तानसेन नगरको अमूर्त संस्कृतिअन्तर्गत पर्ने महत्वपूर्ण सम्पदा हो ।

### वटुक भैरव जात्रा

वटुक भैरवको मन्दिर तानसेन नगरपालिका ६ मा अवस्थित छ । यो मन्दिर सेनवंशी राजा महादत्त सेनले वि.सं. १८४४ मा निर्माण गरेका हुन् (श्रेष्ठ, २०७७, पृ.५४) । तले शैलीमा निर्माण गरिएको यो

मन्दिर पनि काष्ठकलाको सुन्दरतम नमुना मानिन्छ । यसमा प्रयोग गरिएका ढोका तथा झ्याल जस्ता अङ्ग निकै कलात्मक छन् । यो मन्दिरको गर्भगृहमा भैरवको मूर्ति छ । झिँगटीको छाना भएको यो मन्दिरको अर्को आकर्षण गजूर हो । सुनौलो गजूर निकै ठूलो छ । यो मल्लकालको हो । यहाँ दैनिक तथा पर्व विशेषमा पूजाउपासना गरिन्छ ।

वटुक भैरव जात्रा तानसेन बजारको अर्को महत्वपूर्ण अमूर्त सांस्कृतिक सम्पदा हो । तानसेन नगरपालिका ६ मा अवस्थित यो मन्दिरमा दैनिक तथा पर्व विशेषमा पूजाउपासना गरिन्छ । दैनिक पूजाआजामा धूप, दीप, नैवेद्य, अक्षता, फलफूल अपर्ण गरिन्छ । प्रत्येक शनिबार, मङ्गलबार र सङ्क्रान्तिमा भने रोट चढाउने गर्दछन् । दशै पर्वमा ध्वजापताका, घ्यु, तेल लेपनगरी वोका बलिदिने चलन छ । यस देवस्थलमा पार्विक पूजाका रूपमा प्रत्येक वर्ष बैशाख १ गते भैरवको मूर्ति खटमा राखी खटजाजा गर्ने गर्दछन् । अमरगञ्जबाट प्रारम्भ भएको खटजाजा टुँडिखेल, भीमसेनटोल, नारायणटोल, असनटोल, मखनटोल हुँदै दरबार नजिक रहेको हुलाक घरको गणेश मन्दिर सम्म पुऱ्याइन्छ । यस पछि गणेश मन्दिरबाट क्रमशः खटजाजा शीतलपाटी, टाडोगल्ली, भगवती टोल, गोपीटोल, बसन्तपुरको भीमसेन मन्दिर लैजान्छन् । त्यहाँबाट पुनः विस्तारै टक्सारटोल, सिकेखानटोल, बडिझानटोल, टुँडिखेल हुँदै वटुक भैरव मन्दिर पुगेपछि खटजाजा विर्सजन गर्ने परम्परा छ ।

### गणेश जात्रा

तानसेन बजारका श्रीनगर डाँडामा अवस्थित सिद्धिविनायक, अमरगञ्जमा रहेको अमर गणेश, रणउजीरेश्वरी भगवती पीठको प्राङ्गणको तहविल गणेश, मखनटोल हुलाक घर अगाडिको गणेश, टक्सारटोलको सूर्यविनायक, गोर्खेकोटमा रहेको गोर्खेकोट गणेश, सापाकोमा रहेको सापाकोट गणेश र प्रत्येक भीमसेन थानमा गणेशका मन्दिर छन् (श्रेष्ठ, २०७७, पृ. १६७) । उक्त सबै गणेश स्थानमा दैनिक पूजाउपासना गरिन्छ । तर पार्विक रूपमा जात्रा सबैमा हुँदैन । केहीमा मात्र चल्दछ । जात्रा चल्ने गणेशस्थानमध्ये श्रीनगर डाँडामा अवस्थित सिद्धिविनायकमा भाद्र कृष्ण द्वितीया, सापाकोमा रहेको सापाकोट गणेशमा भाद्र चौथी र भाद्र कृष्ण चर्तुदशीका दिन टक्सारटोलमा रहेको सूर्यविनायक गणेश हुन् । खटजाजामा नगर परिक्रमा गरी विर्सजन गर्दछन् ।

### भीमसेन जात्रा

सेनवंशी राजा महादत्तसेनले तानसेन बजारलाई समेटेर श्रीनगर सहर बसाली राजधानी सारेपछि तानसेनमा नेवार समुदायको बसोवास विस्तार भएको हो । भीमसेन नेवारहरूका ईष्टदेवता हुन् । त्यसो हुँदा तानसेन बजारको पुरानो बस्ती टुँडिखेलदेखि चुत्र्याभञ्ज्याङ्ग (कैलासनगर) र मेहलधारादेखि गोर्खेकोटसम्म धेरैको सङ्ख्यामा भीमसेनका थानहरु निर्माण गरिए । टुँडिखेलको भीमसेन थान, शीतलपाटीको भीमसेन मन्दिर, गोपीटोल बसन्तपुरको भीमसेन थान, चुत्र्याभञ्ज्याङ्ग (कैलासनगर) को भीमसेन थान, मेहलधाराको भीमसेन मन्दिर र गोर्खेकोटको भीमसेन थान निकै उल्लेख्य मानिन्छन् (श्रेष्ठ, २०७७, पृ. १७८) । उक्त सबै भीमसेन स्थानमा दैनिक पूजाउपासना भए तापनि पार्विक रूपमा जात्रा सबैमा हुँदैन । उक्त भीमसेन स्थानमध्ये भीमसेन टोलमा अवस्थित भीमसेन थानमा भाद्र कृष्ण पञ्चमी र शीतलपाटीको भीमसेन मन्दिरमा माघ शुक्ल द्वादशीका दिन जात्रा चल्दछ । भीमसेनको खटजाजाका क्रममा नगर परिक्रमा गर्दछन् ।

### कालभैरव जात्रा

सांस्कृतिक नगरी तानसेनमा मनाइने विभिन्न प्रकारका चाडवाड तथा जात्रापर्वमा कालभैरव जात्रा पनि एक हो । यो जात्रा वर्षको अन्तिम दिन चैत्र मसान्तका दिन मनाउने गर्दछन् । तानसेन बजारको टक्सारमा रहेको भैरवथानबाट यो जात्रा निस्कन्छ । त्यसो हुँदा कहिले काही यसलाई टक्सार भैरव जात्रा पनि भन्दछन् । जात्राको अघिल्लो दिन भरतात जाग्रम बस्ने कार्य गरिन्छ । सहभागी सबै भजनकीर्तन गर्दै रातभरी जाग्रम बस्दछन् ।

भोलीपल्ट जात्राको दिन कालभैरव मूर्ति खटमा राखेर जात्रा प्रारम्भ गरिन्छ । जात्राका क्रममा स्थानी दाफा समूहका मानिसहरूले बाजागाजा बजाउँदै खटयात्रा नगरपरिक्रमाका निमित्त अगाडि बढाउँदछन् । तानसेन बजारको पुरानो बस्ती टक्सारबाट विशानधारा, गोपी टोल (बसन्तपुर), चुत्र्याभञ्ज्याङ्ग (कैलासनगर), भगवती टोल, ठाडो गल्ली, शीतलपाटी, मखन टोल, पाल्पा दरबार, हुलाक अगाडिको गणेश मन्दिरसम्म खटयात्रा पुगेपछि असनटोल हुँदै नारायण टोल, भीमसेनटोल, बडिझानटोल, सिलेखानटोल र अन्त्यमा टक्सारटोलमा ल्याई यात्रा समापन गर्ने चलन छ (श्रेष्ठ, २०७७, पृ. ३६३) ।

### श्रीपञ्चमी

यो पर्व वसन्त पञ्चमीका रूपमा पनि चिनिन्छ । यसलाई सारस्वतोत्सवका रूपमा पनि मनाउने चलन छ । माघ शुक्ल पञ्चमीका दिन यो पर्व मनाइन्छ । यस दिन कला र वाग्मिताकी देवी सरस्वती वा श्रीको पूजाउपासना गरिन्छ (Moor, 2002, p. 79) । सांस्कृतिक नगरी तानसेनमा पनि यो पर्व विभिन्न कार्यक्रमका साथ मनाउने गर्दछन् । यस क्रममा माता सरस्वतीको मूर्तिस्थापना, पूजाउपासना, वन्दना, भजनकीर्तन गर्ने, जाग्रम बस्ने, प्रभातफेरी चलाउने, वासन्तिक राग गाउने, वसन्त श्रवण गर्ने, नदीकिनारमा सरस्वतीको मूर्ति सेलाउने जस्ता क्रियाकलाप यस पर्वका अवसरमा गर्ने परम्परा छ ।

### शीतलादेवी खटयात्रा

शीतलादेवी खटयात्रा सांस्कृतिक नगरी तानसेनमा मनाइने विभिन्न प्रकारका चाडवाड तथा जात्रापर्वहरूमध्ये एक हो । शीतलादेवी पूजाउपासना विशेषतः माघ शुक्ल षष्टि, श्रावण कृष्ण पक्षको सप्तमी तिथि, फाल्गुन कृष्ण पक्षको अष्टमी तिथि र बैशाख पूर्णिमा गरी चार पटक गर्ने परम्परा छ (Saletore, 1989, pp. 1353-1354) । शीतलादेवी पूजाका निमित्त यी चार दिनमध्ये माघ शुक्ल षष्टि र फाल्गुन कृष्ण पक्षको अष्टमी महत्वपूर्ण तिथि मानिन्छन् । माघ शुक्लका दिनलाई शीतला षष्टि र कृष्ण पक्षको अष्टमी तिथिलाई शीतला अष्टमीका ¿पमा मनाउने गरिन्छ । पाल्पामा शीतलादेवी पूजाउपासना तथा खटयात्रा सञ्चालन गर्ने परम्परा सेनवंशका राजा मुकुन्द सेनले चलाएको विश्वास गरिन्छ (श्रेष्ठ, २०७७, पृ. ३४८) ।

पाल्पामा शीतलादेवीको पीठ तानसेन नगरपालिका ७ स्थित देवीडाँडामा छ । यहाँका मानिसहरू मूलतः कृष्ण पक्षको अष्टमी तिथिलाई शीतला अष्टमीका रूपमा मनाउने गर्दछन् । यसै दिन यहाँ शीतलादेवीको खटजात्रा चलाइन्छ । खटजात्रा दिन जिल्ला प्रमुख, प्रमुख जिल्ला अधिकारीबाट पूजाअर्चना र नेपाली सेनाको गारदबाट सलामी अर्पण गर्दछन् । यसपछि बाजागाजाका साथ जात्रा अगाडि बढाइन्छ । देवीडाँडाबाट चौपारी, चुच्चेबारी, सिद्धार्थ राजमार्ग, पर्वास शिवालय, सूर्यकुण्ड,

कमलपोखरी, सेनकालीन वंशगोपाल मन्दिर, माडी जाने बाटो बाँसटारी, ठाँटीचौर, भञ्ज्याङ्ग हुँदै पुनः शीतलादेवीको पीठमा पुगेर यात्रा समापन हुन्छ ।

**भगवान् बुद्ध रथयात्रा**

पाल्पामा बौद्ध धर्मको अर्थबोध गराउनमा भिक्षु अमृतानन्द महास्थवीरको महत्वपूर्ण योगदान छ । उहाँको जन्म तानसेनको भीमसेन टोलमा वि.स. १९७५ मा भएको हो । उनी भारतको कुशीनगरमा चन्द्रमणि महास्थवीरको सम्पर्कमा पुगे । भारतमा बस्दा उनले बौद्ध धर्मको उत्थानमा महत्वपूर्ण योगदान गरे (ज्ञानमाला, २०५४, पृ २५-२६) । पछि श्रीलङ्का र वर्मामा बुद्ध धर्मसम्बन्धी अध्ययन गरेर सन् १९४२ मा काठमाडौ फर्के । त्यसपछि आफ्नो जन्मभूमि तानसेनमा आई पाल्पाको होलङ्दी भन्ने स्थानमा एउटा बौद्ध बिहार निर्माण गरे ।

पाल्पामा बौद्ध धर्मको उत्थान गर्न र मर्दा पर्दा सहयोग पुर्‍याउन बौद्ध धर्मावलम्बीहरूले भगवान् सना गुठी, आनन्द बिहार (वि.स. १९५५), भगवान् बुद्ध रथयात्रा गुठी, महाचैत्य बिहार (वि.स. २००२), ज्ञानमाला सङ्घ, ज्ञानमाला सभा, चुडाकर्म सङ्घ (वि.स. २०११) जस्ता सङ्घसंस्थाहरू स्थापना गरेका थिए (चित्रकार, २०५७, पृ. १६-१८) । उक्त सङ्घसंस्थाहरू बौद्ध धर्मसँग सम्बन्धित बुद्ध जयन्तिलगायत बौद्ध धर्माबलम्बीहरूका संस्कारगत कर्मसँग जोडिएका अमूर्त सांस्कृतिक क्रियाकलापहरू सञ्चालन गर्दैआएका छन् ।

**निष्कर्ष**

तानसेन सहर पाल्पा जिल्लामा रहेको विशेषतः मध्यकालीन सहर मानिन्छ । यो जिल्ला सदरमुकाम पनि हो । यहाँ विशेषतः हिन्दू तथा वौद्ध धर्मसँग सम्बन्धित स्मारक, कलाकृतिका साथै अभ्यास प्रणालीमा आधारित जीवित सम्पदा पाइन्छन् । त्यस्ता सम्पदालाई मूलतः मूर्त तथा अमूर्त सांस्कृतिक सम्पदाका रूपमा वर्गीकरण गर्न सकिन्छ । त्यसो हुँदा यहाँ मूर्त तथा अमूर्त सांस्कृतिक सम्पदाको खाँचो छैन । अमरनारायण मन्दिर, बालगोपाल मन्दिर, भैरव थान, भगवती मन्दिर, श्रीचैत्य धर्मधातु, तानेसेन टुँडिखेलको पश्चिम कुनाको ढुङ्गाको चैत्य, टक्सारटोलको महाचैत्य, पाल्पा दरबार यहाँका महत्वपूर्ण मूर्त सांस्कृतिक सम्पदा हुन् । त्यस्तै अमरनारायण रथयात्रा, भगवती जात्रा, गाईजात्रा, वटुक भैरव जात्रा, गणेश जात्रा, भीमसेन जात्रा, कालभैरव जात्रा श्रीपञ्चमी, शीतलादेवी खटयात्रा, भगवान् बुद्ध रथयात्रालगायत बौद्ध धर्माबलम्बीहरूका संस्कारगत कर्मादि अमूर्त सांस्कृतिक सम्पदा मानिन्छन् ।

वास्तवमा माथि उल्लिखित सम्पदाहरू तानसेन नगरलाई मध्यकालीन सहरका रूपमा चिनाउने महत्वपूर्ण आधार हुन् । यति उल्लेख्य स्थल हुँदाहुँदै पनि तानसेन नगर युनेस्कोको विश्वसम्पदा सूचीमा पर्न सकेन । युनेस्कोले विगत केही वर्षबाट पुनः सम्पदाहरूको सर्वेक्षण, सङ्कलन, पहिचान, वर्गीकरण एवम् सूचीकृत गर्ने कार्य अगाडि बढाएको छ । यस क्रममा तानसेन सहर पनि प्रारम्भिक सूचीमा मनोनयनमा परेको अवस्था हो । यहाँ पाइने मूर्त तथा अमूर्त संस्कृति र सांस्कृतिक सम्पदा युनेस्कोको विश्वसम्पदा सूचीमा सूचीकृत गर्ने मापदण्ड तथा प्रमुख आधार हुन् । सम्पदाको संरक्षण, सम्वर्द्धन र प्रचारप्रसार यथोचित रूपमा गर्न सकेमा मात्र युनेस्कोको विश्वसम्पदा सूचीमा समावेश हुन पाउने अवसर मिल्दछ । अतः स्थानीय वासिन्दा, स्थानीय निकाय, स्थानीय क्षेत्रमा क्रियाशील सङ्घसंस्था, प्रदेश सरकार, सङ्घीय सरकारलगायत सबै सरोकारवालाहरूको ध्यान सम्पदा पहिचान, संरक्षण, सम्वर्द्धन र प्रचारप्रसारतर्फ जानु पर्ने देखिन्छ ।

## Refernece

खतिवडा, सोमप्रसाद (२०७४). नेपाली संस्कृति विश्वकोष, काठमाडौ : जनता प्रसारण तथा प्रकाशन ।

खत्री, प्रेमकुमार (२०७०). संस्कृति र अनुभूतिका आयामहरु, काठमाडौ : सम्पदा संरक्षण, बिपद व्यवस्थापन तथा सामुदायिक विकास समाज ।

घिमिरे, विष्णुप्रसाद (२०५६). पाल्पा राज्यको इतिहास भाग १, चितवन : पद्मा घिमिरे ।

चित्रकार, सुलोचना (२०५७). तानसेनका बौद्ध धर्मावलम्बी नेवारहरूको संस्कृति, कीर्तिपुर : त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय, डीनको कार्यालयमा प्रस्तुत शोधपत्र ।

पौड्याल, दुर्गादेवी (२०७५). पाल्पामा पर्यटन विकासको सम्भावनाः एक अध्ययन, *Voice of Culture* (Vol. VIII) A Peer Reviewed Journal, काठमाडौः सस्कृति विभाग,पद्मकन्या बहुमुखी क्याम्पस, पृ. ९८-१०९।

बानियाँ, कर्णबहादुर (२०५३). पाल्पाको भगवती जात्रा, तानसेन : श्रेष्ठ पुस्तक भण्डार ।

बानियाँ, कर्णबहादुर (२०५६). तानसेनका मठ, मन्दिर, चैत्य तथा बिहारहरूको कलाकौशल र गुठी व्यवस्था, काठमाडौ : शिक्षाध्यक्षको कार्यालय, अनुसन्धान महाशाखा, प्रस्तुत लघु शोधपत्र ।

बानियाँ, कर्णबहादुर (२०६३). पाल्पा गौंडा एक ऐतिहासिक अध्ययन, काठमाडौः फूलचोकी पब्लिकेसन एण्ड डिस्ट्रीब्युसन ।

भट्टराई, घटराज (२०६७).नेपालका धार्मिक स्थलहरु (सांस्कृतिक कोश), काठमाडौः विद्यार्थी पुस्तक भण्डार ।

रेग्मी, जगदीशचन्द्र (२०३४). नेपालको बैधानिक परम्परा, कीर्तिपुर : पाठ्यक्रम विकास केन्द्र ।

शाक्य, छत्रराज (२०४४). पाल्पामा बुद्ध धर्म, सत्य, तानसेन : वर्ष ७, अङ्क ३४ ।

श्रेष्ठ, कल्पना (२०७७). काठमाडौँ उपत्यकाको सांस्कृतिक परम्परा. काठमाडौ : पल्लव प्रकाशन प्रालि ।

श्रेष्ठ, निर्मल (२०७५). सेनकालीन इतिहास, कला र संस्कृति, पाल्पा : केशलक्ष्मी श्रेष्ठ ।

श्रेष्ठ, निर्मल (२०७७). सांस्कृतिक नगर तानसेन. तानसेन पाल्पा : केशलक्ष्मी श्रेष्ठ

ज्ञानमाला सङ्घ, (२०५४). ज्ञानमाला संघ आनन्द बिहारको स्वर्ण शुभ जन्मोत्सव स्मारिका. पाल्पाः ज्ञानमाला संघ ।

Moor, E. (2002). *The Hindu Pantheon*. New Delhi: Edigo Books.

Oldfield, H.A. (1974). *Sketches from Nepal.* Delhi : Cosmo Publications.

Saletore, R.N. (1989). *Encyclopedia of Indian Culture* (Vol. I). New Delhi: Starling Publications Pvt. Ltd.

UNESCO (2003). *Convention of the Safe Guarding of the Intangible Cultural Heritage 2003,* Kathmandu : UNESCO Office Nepal.